बागचौर नगरपालिका

# ६ नं. वडा कार्यालय

जामुनेचौर, सल्यान,
कर्णाली प्रदेश नेपाल

## ६ नं. वडा कार्यालयको संक्षिप्त विवरण

बागचौर नगरपालिकाको वडा नं. ६ साबिक कोटबारा गाउँ विकास समितिका वडाहरू २, ३, ४ र ५ मिलेर बनेको छ। वडा ६ को क्षेत्रफल ८.७८ वर्गकिमि रहेको छ। क्षेत्रफलका हिसाबले यो सबैभन्दा सानो वडा हो। बागचौर नगरपालिका वडा नं. ६ को डिजिटल सर्भेअनुसार कुल घरधुरी संख्या५११ रहेको छ। यस वडाको कुल जनसंख्या२,१०८ रहेको छ। जसमा पुरुष १,०६५, महिला १,०४३ र अन्य शून्य रहेको छ। सर्भेअनुसार कुल साक्षर जनसंख्या१,७८० रहेको छ। साक्षर पुरुषको जनसंख्या९२४ रहेको छ र साक्षर महिलाको जनसंख्या८५६ रहेको छ। ओली जातीको उद्गम थलो हिमचौर यसै वडामा पर्दछ।

अदुवा, बेसार, टिमुर, मकै, गहुँ तथा बेमौसमी तरकारी खेतीका लागि यो वडा राम्रो मानिएको छ। वडामा बसोवास गर्ने व्यक्तिको मुख्य पेसा कृषि रहेको छ। यसबाहेक व्यापार, व्यवसाय तथा घरेलु उद्योग, थोक तथा खुद्रा व्यापार, शिक्षण, वैदेशिक रोजगारी, सरकारी सेवाका साथै होटल, पर्यटन जस्ता आयआर्जनका पेसाबाट वडावासीले आफ्नो जीविकोपार्जन गर्ने गरेका छन्।

श्री सरस्वती आधारभुत विद्यालयलाई माध्यमिक तहमा अपग्रेड गरिएको छ भने चारकोठे पक्की भवन निर्माण, आईसिटी ल्याबको पनि स्थापना गरिएको छ। प्रविधी प्रयोगमा पहुँच बढाउन तयार पारिएको आईसिटी ल्याब प्रभावकारी भएको छ। सामुदायिक विद्यालयका भवन निर्माण तथा शैक्षिक एवम् भौतिक सुधारमा विशेष कार्यहरु पनि भएका छन्।

| क्र.स. | नाम थर | पद | सम्पर्क नम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|
| १ | ज्ञान बहादुर वली | वडा अध्यक्ष | ९८५७८२१८४५ | bagchaurward6@gmail.com |
| २ | शशिली खड्का | महिला सदस्य | ९८०९५८५८५२ | bagchaurward6@gmail.com |
| ३ | कमारी दमाइ | दलित महिला सदस्य | ९८१२८१११३२ | bagchaurward6@gmail.com |
| ४ | जय बहादुर खड्का | सदस्य | ९८०९७६९७९४ | bagchaurward6@gmail.com |
| ५ | महेन्द्र कुमार वली | सदस्य | ९८०९८३८५१७ | bagchaurward6@gmail.com |
| ६ | रमेश वि.क. | कार्यपालिका सदस्य (मनोनित) | ९८४८३३४११७ | bagchaurward6@gmail.com |
| ७ | राधादेवी बटाला | वडा सचिव | ९८६३११८४१९ | bagchaurward6@gmail.com |
| ८ | हरीभक्त वली | सव-ईन्जिनियर | ९८४०७८२१४५ | bagchaurward6@gmail.com |
| ९ | लक्ष्मी वली | का.स. | ९८०९८३३५१३ | bagchaurward6@gmail.com |